**Sudurpaschim Spectrum**
A Multidisciplinary, Peer Reviewed Journal
ISSN: 3021-9701 (Print)
Published by Faculty of Humanities and Social Sciences,
Far Western University, Mahendranagar, Nepal

# नेपालमा लोपोन्मुख भाषाहरूको स्थिति

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत
सुदूरपश्चिम विश्वविद्यालय, नेपाल
joshihema262@gmail.com

## लेखसार

प्रस्तुत आलेख नेपालका लोपोन्मुख भाषाहरूको स्थितिबारे अध्ययनमा केन्द्रित छ। वि.सं. २०७८ को जनगणना अनुसार नेपालमा १२४ भाषाहरू प्रयोग व्यवहारमा रहेको तथ्याङ्क पाइन्छ। नेपालमा भाषाहरूबारे व्यवस्थित सर्वेक्षण नहुँदा भाषाहरूको स्थिति र सङ्ख्याहरूमा विश्वसनीयता नभए पनि यी तथ्याङ्कहरूमा नेपालमा २७ भन्दा बढी भाषाहरूका वक्ता सङ्ख्या कम देखिनुले धेरै भाषाहरू अपक्षयको स्थितिमा रहेको प्रष्ट हुन्छ। गैररैथाने भाषाहरूलाई समावेश नगर्ने हो भने पनि २१ जति भाषाहरू अत्यन्त लोपोन्मुख (मृतप्रायः) अवस्थामा रहेका छन् । लेख तयार पार्ने सन्दर्भमा मूलतः पुस्तकालयको उपयोग गरी सङ्कलन गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीहरूबाट प्राप्त तथ्यलाई तर्क , प्रमाण र उदाहरणका आधारमा वर्णनात्मक विधिद्वारा विश्लेषण गरिएको छ। बहुभाषिक मुलुकमा भाषाबारे व्यवस्थित भाषानीति र योजना आवश्यक हुन्छ। प्रस्तुत अध्ययनमा पनि व्यवस्थित भाषायोजनाका प्रयास भए पनि लोपोन्मुख भाषाहरूको संरक्षण संवर्धनले आवश्यक गति लिन सकेको छैन । केही भाषाहरूको वर्णनिर्धारण, व्याकरण निर्माण, शब्दकोश निर्माण, पाठ सङ्कलन, इतिहास लेखनको काम भए पनि भाषा आयोग लगायतका भाषासँग सम्बन्धित सरकारी संस्थाहरूले अझै जिम्मेवारीका साथ लोपोन्मुख भाषाहरूको संरक्षण संवर्धन र विकासमा केन्द्रित हुनु पर्ने निष्कर्ष निकालिएको छ।

***मुख्य शब्दावली:*** मातृभाषा, मृतभाषा, भाषायोजना, विकासशील, सङ्कटापन्न

Copyright 2023 ©Author(s) *This open access article is distributed under a* ***Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.***

**परिचय**

नेपाल धार्मिक एवं सांस्कृतिक विविधताको खानी हो । भाषाका हिसाबले नेपाल धनी छ । वि.स. २०७८ को जनगणना अनुसार नेपालमा १ सय २४ भाषाहरु मातृभाषाको रुपमा बोल्ने गरिन्छ । नेपालको सरकारी कामकाजको भाषा नेपाली भए पनि भाषाका हिसाबले यहाँ धेरै विविधता छ । यहाँ धेरै जातजाति, समुदाय, धर्मका मानिसहरु बसोबास गर्दछन् । सबै समुदायका आ-आफ्ना भाषा छन् । तर सबै समुदायका मानिसलाई सबै भाषाहरुको ज्ञान रहेको पाइँदैन ।

नेपालमा धेरै मातृभाषा भए पनि ती लोपोन्मुख अवस्थामा पुगेका छन् । नेपालको सन्दर्भमा भाषा र संस्कृतिको विविधता बहुमूल्य पूँजी हो । भाषागत विविधतालाई पूँजीको रुपमा संरक्षण गर्न आवश्यक छ । एउटा भाषा लोप हुँदा भाषासँगै त्यो समस्याको संस्कार र संस्कृति समेत लोप हुने भएकाले भाषाको संरक्षण जरुरी बन्न गएको छ । वास्तवमा भाषिक विविधतालाई अवसरको रुपमा लिनु पर्दछ । भाषामा भौगोलिक, सामाजिक, लैङ्गिक, आर्थिक, उमेरगत परिवेशगत तथा प्रयोगगत रुपमा विविधता सिर्जना हुन्छ । यस्तो विविधता एउटै वा विभिन्न भाषामा हुन सक्छ । जाति तथा भाषाका आधारमा प्रत्येक समूहका आफ्ना सामाजिक, सांस्कृतिक, भाषिक र अन्य प्रचलित विशेषताहरु रहेका हुन्छन् । यस्ता विशेषता सुरक्षित राख्न सर्वप्रथम भाषाकै सुरक्षा अपरिहार्य हुन्छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार नेपालमा जातजातिको संख्या १ सय ४२ पुगेको छ । यसैगरी मातृभाषाको संख्या १ सय २४ पुगेको छ । जबकी १० वर्षअघि अर्थात् २०६८ सालको जनगणनामा १ सय २४ जातजातिको मात्र तथ्यांक संकलन भएको थियो । एक दशकको बिचमा १७ जातजाति थपिएका हुन् । त्यस्तै २०६८ सालको जनगणनामा १ सय २३ मातृभाषा पहिचान भएकोमा अहिले १ सय २४ पुगेको छ । नेपालको जनगणना (२०७८) को तथ्याङ्कमा आधारित रहेर नेपालका लोपोन्मुख भाषाहरूको अवस्था विश्लेषण गरिएको छ ।

नेपाल बहुभाषिक मुलुक हो र यहाँ १२४ ओटा मातृभाषा बोलिने भाषा आयोग प्रतिवेदन वि.सं.२०७८ ले सार्वजनिक गरेको छ । सङ्घीयताको अवधारणासहित अगि बढेको यस मुलुकमा लोपोन्मुख भाषाको अवस्थाबारे आलेखका लागि निम्नलिखित समस्याहरू पहिचान गरिएका छन् ।

- नेपालका भाषाहरूको पारिवारिक स्थिति कस्तो छ ?
- नेपालका भाषाहरूको स्तरगत वर्गीकरण के के हुन् ?
- लोपोउन्मुख भाषाहरूको संरक्षण, संवर्धन र विकासका प्रयासहरू के कस्तो छ ?

उपर्युक्त शोध्यप्रश्नहरूको निराकरण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

आधुनिक नेपालको निर्माणसँगै नेपाली भाषाले साझा सम्पर्क र सरकारी कामकाजको भाषाको रुपमा मान्यता पाए पनि अन्य भाषाको आफ्नै महत्व र मौलिकता छ ।

नेपालको संविधानले देशमा बोलिने सबै भाषाहरुलाई राष्ट्रभाषा हुन भन्दै सम्पूर्ण भाषालाई समान महत्व दिएको छ। तसर्थ सबै भाषा समान होऊन र सबै भाषा महान् बनुन् भन्ने उद्देश्य राखेर सबै भाषाको संरक्षण, संवर्धन र विस्तारको योजना बनाएर भाषाभाषीमा आत्मसम्मान जागृत बनाउन जरुरी छ। बहुभाषिक देशमा भाषालाई सामाजिक सम्पदाको रुपमा जीवित राख्न सरकारी तहबाट पहलकदमी लिन आवश्यक छ। नेपालमा बोलचाल र प्रयोगमा जति भाषाहरु छन्, ती सबै भाषाहरुको जगेर्ना, उत्थान र विकास गर्न राज्यको तहबाट पहलकदमी लिन जरुरी छ। किनकि भाषा जातिको परिचायक हो, पहिचानको मूल आधार हो। भाषा र भूमिको अन्त्य भयो भने पहिचानको पनि लगभग अन्त्य हुन्छ। आफ्नो भाव अभिव्यक्त गर्न भाषाको साहरा लिन पाउने प्रत्येक नागरिकको अधिकार छ। नेपालमा लोपोन्मुख भाषाहरूको स्थिति को अवस्थाको आधारमा केन्द्रित भई अध्ययन नभएको परिपेक्ष्यमा उक्त अवस्थाको समष्टिगत र वस्तुगत विश्लेषण प्रस्तुत गरिनु यस आलेखको प्राज्ञिक अनुसन्धानात्मक औचित्य छ।

## अध्ययन विधि

यस लेखमा केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशनमा ल्याइएको राष्ट्रिय जनगणना वि.सं. २०७८ को नतिजालाई र भाषा आयोग २०७६ र २०७७ ले सिफारिस गरेको प्रतिवेदनलाई मूल सामग्री बनाइएको छ। पुस्तकालयबाट प्राप्त द्वितीयक सामग्रीलाई परिमाणात्मक तथा गुणात्मक पद्धतिअनुसार विश्लेषण गरी निष्कर्ष निकालिएको छ। आलेख सम्पन्न गर्नका लागि अपनाइएको सामग्री सङ्कलन,तिनको सम्पादन र व्यवस्थापनका लागि अँगालिएका विधि छनोट गरिएका सामग्रीको विश्लेषणको सैद्धान्तिक आधार एवम् अर्थापनको ढाँचाको व्याख्या निम्नअनुसार गरिएको छः

- नेपालका भाषाहरूको पारिवारिक स्थिति
- नेपालका भाषाहरूको स्तरगत वर्गीकरण
- लोपोन्मुख भाषाहरूको संरक्षण, संवर्धन र विकासका प्रयासहरू

## नतिजा तथा छलफल

### नेपालका भाषाहरूको पारिवारिक स्थिति

नेपालमा भारोपेली, भोट-बर्मेली, चीन तिब्बती आग्नेय र द्रविड परिवारका मूलतः चार परिवारका भाषाहरू बोलिन्छन्। यसका अतिरिक्त कुसुन्डा भाषालाई अलग्गै भाषाको सूचीमा राखिएको छ भने नेपाली साङ्केतिक भाषा पनि छुट्टै भाषाका रुपमा रहेको छ। वि.सं.२०६८ को जनगणनामा समेटिएका भाषा परिवारको अरबिक भाषा पनि मातृभाषाका रूपमा सूचीकृत छ। नेपालमा भाषा सूचीकरण वि.सं. २०० ९-२०११ को जनगणनाबाट सुरु भएको हो। प्रत्येक दश वर्षमा हुने जनगणनामा भाषाहरूको सूचीकरण हुने र सूचीकृत भाषाहरूको सङ्ख्या फरक फरक पाइने गरेको छ। विगतका जनगणनामा नेपालमा बोलिने भाषाहरूको सूचीकृत सङ्ख्या यस प्रकार रहेको छः

**तालिका १**

*विभिन्न जनगणनाअनुसार भाषाको स्थिति*

| क्र.सं. | जनगणना वर्ष(वि.सं.) | भाषा संख्या |
|---|---|---|
| १ | २००९-२०११ | ४४ |
| २ | २०१८ | ३६ |
| ३ | २०२८ | १७ |
| ४ | २०३८ | १८ |
| ५ | २०४८ | ३१ |
| ६ | २०५८ | ९२ |
| ७ | २०६८ | १२३ |
| ८ | २०७८ | १२४ |

स्रोतःजनगणनाका प्रतिवेदनहरू, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।

**तालिकाः २**

*भाषाहरूको पारिवारिक स्थिति*

| भाषा परिवार | जनगणना | | | | |
|---|---|---|---|---|---|
| | २०५८ मा वक्ता | प्रतिशत | २०६८ मा वक्ता | प्रतिशत | भाषा सङ्ख्या |
| भारोपेली | १४,७,०१,२८३ | ७९.५ | २,१७,५३,००० | ८२.१ | ४९ |
| भोट-बर्मेली | ४१,८३,९९५ | १८.४ | ४५,८४,५३२ | १७.३ | ४९ |
| आग्नेय | ४०,२६० | ०.२ | ४९,८५८ | ०.१९ | २ |
| द्रविड | २८,६१५ | ०.१ | ३३,६५१ | ०.१३ | १ |
| एकल भाषा | ३८ | - | - | - | १ |
| अन्य (विदेशी भाषाहरू सहित) | - | - | २५,७४५ | ०.०९ | |
| सूचना प्राप्त नभएको | ५,०३,२९५ | २.२ | ४७,७१८ | ०.१८ | |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

माथिको तथ्याङ्कका आधारमा भारोपेली भाषापरिवारका वक्ता सङ्ख्या अधिक रहेका छन् भने भोट बर्मेली भाषा परिवारमा भाषा सङ्ख्या अधिक रहेको देखिन्छ। त्यसैगरी द्रविडेली र आग्नेय भाषा परिवारका वक्ता सङ्ख्या १ प्रतिशत पनि छैनन् । अन्य उल्लेख नभएका वा एकल भाषा परिवारका वक्ता सङ्ख्या नगण्य रहेको देखिन्छ। यसरी भारोपेली र भोट बर्मेली भाषा परिवार बाहेक अन्य भाषा परिवारका भाषाहरूको अस्तित्व सङ्कटमा देखिन्छ।

**तालिका ३**

*जनगणना २०७८ मा भाषिक तथ्याङ्क*

| जाति | २०७८ | | २०६८ | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| नेपाली | १,३०,८४,४५७ | ४८.८६ | १,१८,२६,९५३ | ४४.६ |
| मैथली | ३२,२२,३८९ | ११.०५ | ३०,९२,५३० | ११.७ |
| भोजपुरी | १८,२०,७९५ | ६.२४ | २५,८४,९५८ | ६.७ |
| थारू | १७,१४,०९१ | ५.८८ | २५,२९,८७५ | ५.८ |
| तामाङ | १४,२३,०७५ | ४.८८ | १३,५३,३११ | ५.११ |
| बज्जिका | ११,३३,७६४ | ३.८९ | ७,९३,४१६ | २.९९ |
| नेपाल भाषा (नेवार) | ८,६३,३८० | २.९६ | ८,४६,५५७ | ३.२० |
| अवधि | ८,६४,२७६ | २.९६ | ५,०१,७५२ | - |
| मगर धूत | ८,१०,३१५ | २.७८ | ७,८८,५३० | २.८९ |
| डोटेली | ४,९४,८६४ | १.७ | ७,८७,८२७ | २.९७ |
| उर्दू | ४,१३,७८५ | १४२ | ६,९१,५४२ | २.६ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

**तालिका ४**

*जनगणनामा जातीय तथ्याङ्क*

| जाति | २०६८ | | २०७८ | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क्षेत्री | ४३,९८,०५३ | १६.६ | ४७,९६,९९५ | १६.४५ |
| ब्रह्मामण(पहाडी) | ३२,२६,९०३ | १२.२ | ३२,९२,३७३ | ११.२९ |
| मगर | १८,८७,७३३ | ७.१ | २०,१३,४९८ | ६.९ |
| थारू | १७,३७,४७० | ६.६ | १८,०७,१२४ | ६.२ |
| तामाङ | १५,३९८३० | ५.८ | १६,३९,८६६ | ५.६२ |
| नेवार | १३,२१,९३३ | ५.० | १३,४१,३६३ | ४.६ |
| कामी | १२,५८,५५४ | ४.७ | १४,७०,०१० | ५.०४ |
| मुसलवान | ११,६४,२५५ | ४.४ | १४,१८,६७७ | ४.८६ |
| यादव | १०,५४,४५८ | ३.९ | १२,२८,५८१ | ४.२१ |
| राई | ६,२०,००४ | २.३ | ६,४०,६७४ | २.२ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

**वक्ताको सङ्ख्या अनुसार नेपालका भाषाहरू**

एघारौँ राष्ट्रिय जनगणना २०६८ अनुसार नेपाली मूल भाषीहरूको जनसङ्ख्या आधाभन्दा कम अर्थात् ४४.६ प्रतिशत रहेको थियो। नेपालका अधिकांश भाषाहरू लोपोन्मुख छन् किनभने १२९ भाषाहरू मध्ये १९ भाषाहरूमा मात्र १००,००० भन्दा बढी वक्ताहरू छन्। बाह्रौँ राष्ट्रिय जनगणना २०७८ अनुसार मूल वक्ताहरूले बोल्ने भाषाको संख्यालाई निम्न अनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ५**

*मूल वक्ताहरूले बोल्ने भाषाको विवरण*

| क्र.सं. | मातृभाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १३०८४४५७ | ४४.८६ |
| २ | मैथली | ३२२२३८९ | ११.०५ |
| ३ | भोजपूरी | १८२०७९५ | ६.२४ |
| ४ | थारू | १७१४०९१ | ५.८८ |
| ५ | तामाङ | १४२३०७५ | ४.८८ |
| ६ | बज्जिका | ११३३७६४ | ३.८९ |
| ७ | अवधि | ८६४२७६ | २.९६ |
| ८ | नेपाली भाषा (नेवार) | ८६३३८० | २.९६ |
| ९ | मगर धूत | ८१०३१५ | २.७८ |
| १० | डोटेली | ४९४८६४ | १.७ |
| ११ | उर्दू | ४१३७८५ | १.४२ |
| १२ | याक्थुङ(लिम्बु) | ३५०४३६ | १.२ |
| १३ | गुरूङ | ३२८०७४ | १.१२ |
| १४ | माझी | २३०११७ | ०.७९ |
| १५ | बैतडेली | १५२६६६ | ०.५२ |
| १६ | राई | १४४५१२ | ०.५ |
| १७ | अछामी | १४१४४४ | ०.४८ |
| १८ | वान्तवा | १३८००३ | ०.४७ |
| १९ | राजवंशी | १३०१६३ | ०.४५ |
| २० | शेर्पा | ११७८९६ | ०.४ |
| २१ | खस | ११७५११ | ०.४ |
| २२ | बझाङी | ९९६३१ | ०.३४ |
| २३ | हिन्दी | ९८३९९ | ०.३४ |
| २४ | मगर खान | ९१७५३ | ०.३१ |
| २५ | चाम्लिङ | ८९०३७ | ०.३१ |

| | | | |
|---|---|---|---|
| २६ | रानाथारू | ७७७६६ | ०.२७ |
| २७ | चेपाङ | ५८३९२ | ०.२ |
| २८ | बाजुरेली | ५६४८६ | ०.१९ |
| २९ | सन्थाली | ५३६७७ | ०.१८ |
| ३० | दनुवार | ४९९९२ | ०.१७ |
| ३१ | दार्चुलेली | ४५६४९ | ०.१६ |
| ३२ | उराऊ | ३८८७३ | ०.१३ |
| ३३ | कुलुङ | ३७९१२ | ०.१३ |
| ३४ | अङ्गिका | ३५९५२ | ०.१२ |
| ३५ | माझी | ३२९१७ | ०.११ |
| ३६ | सुनुवार | ३२७०८ | ०.११ |
| ३७ | थामी | २६८०५ | ०.०९ |
| ३८ | गनगै | २६२८१ | ०.०९ |
| ३९ | थुलुङ | २४४०५ | ०.०८ |
| ४० | बङ्गल | २३७७४ | ०.०८ |
| ४१ | घले | २३०४९ | ०.०८ |
| ४२ | साम्पाङ | २१५९७ | ०.०७ |
| ४३ | मारवाडी | २१३३३ | ०.०७ |
| ४४ | डडेल्धुरी | २१३०० | ०.०७ |
| ४५ | धिमाल | २०५८३ | ०.०७ |
| ४६ | ताजपुरिया | २०३४९ | ०.०७ |
| ४७ | कुमाल | १८४३५ | ०.०६ |
| ४८ | खालिङ | १६५१४ | ०.०६ |
| ४९ | मुसलवान | १६२५२ | ०.०६ |
| ५० | वाम्बुले | १५२८५ | ०.०५ |
| ५१ | वहिङ | १४४४९ | ०.०५ |
| ५२ | याक्खा | १४२४१ | ०.०५ |
| ५३ | संस्कृत | १३९०६ | ०.०५ |
| ५४ | भुझेल | १३०८६ | ०.०४ |
| ५५ | भोटे | १२८९५ | ०.०४ |
| ५६ | दरै | १२१५६ | ०.०४ |
| ५७ | याम्फू | १०७४४ | ०.०४ |
| ५८ | नाछीरिङ | ९९०६ | ०.०३ |
| ५९ | ह्याम्लो | ९६५८ | ०.०३ |

| | | | |
|---|---|---|---|
| ६० | डुमी | ८६३८ | ०.०३ |
| ६१ | जुम्ली | ८३३८ | ०.०३ |
| ६२ | भोटे | ७६८७ | ०.०३ |
| ६३ | मेवाहाङ | ७४२८ | ०.०३ |
| ६४ | पुमा | ६७७३ | ०.०२ |
| ६५ | पहारी | ५९४६ | ०.०२ |
| ६६ | आठपहारिया | ५५८० | ०.०२ |
| ६७ | डुङ्माली | ५४०३ | ०.०२ |
| ६८ | जिरेल | ५१६७ | ०.०२ |
| ६९ | तिब्तीयन | ५०५३ | ०.०२ |
| ७० | दैलेखी | ४९८९ | ०.०२ |
| ७१ | चुम्नुब्री | ४२८४ | ०.०१ |
| ७२ | छन्त्याल | ४२८२ | ०.०१ |
| ७३ | राजी | ४२४७ | ०.०१ |
| ७४ | थकाली | ४२२० | ०.०१ |
| ७५ | मेचे | ४२०३ | ०.०१ |
| ७६ | कोई | ४१५२ | ०.०१ |
| ७७ | लोहोरूङ | ३८८४ | ०.०१ |
| ७८ | किवारती | ३४६९ | ०.०१ |
| ७९ | डोल्पाली | ३२४४ | ०.०१ |
| ८० | डन | ३१०० | ०.०१ |
| ८१ | मुगुली | २८३४ | ०.०१ |
| ८२ | जिरो्जिरूङ | २८१७ | ०.०१ |
| ८३ | कारमारङ | २६१९ | ०.०१ |
| ८४ | चिन्ताङ | २५६४ | ०.०१ |
| ८५ | लोपा | २३४८ | ०.०१ |
| ८६ | ल्याप्चे | २२४० | ०.०१ |
| ८७ | मुन्डा | २१०७ | ०.०१ |
| ८८ | मानाङे | २०२२ | ०.०१ |
| ८९ | चित्लाङ | २०११ | ०.०१ |
| ९० | दुरा | १९९१ | ०.०१ |
| ९१ | तिलुङ | १९९६ | ०.०१ |
| ९२ | साङ्केतिक भाषा | १७८४ | ०.०१ |
| ९३ | व्यासी | १७०६ | ०.०१ |

| | | | |
|---|---|---|---|
| ९४ | बालकुरा्बाराम | १५३९ | ०.०१ |
| ९५ | वारगुङ्वा | १५३६ | १ |
| ९६ | सादरी | १३४७ | ० |
| ९७ | अङ्ग्रेजी | १३२३ | ० |
| ९८ | मगर काइके | १२२५ | ० |
| ९९ | सोनाहा | ११८२ | ० |
| १०० | हायु | ११३३ | ० |
| १०१ | किसान | १००४ | ० |
| १०२ | पन्जावी | ८७१ | ० |
| १०३ | दुलेली | ७८६ | ० |
| १०४ | खाम्ची(राउटे) | ७४१ | ० |
| १०५ | लङ्खुखीम | ७०२ | ० |
| १०६ | लोवा | ६२४ | ० |
| १०७ | खगते | ६११ | ० |
| १०८ | वालिङ | ५४५ | ० |
| १०८ | नार्फू | ४२८ | ० |
| १०९ | लोमी | ४१३ | ० |
| ११० | पोइके | ४१० | ० |
| १११ | कुर्माली | ३९७ | ० |
| ११२ | कोचे | ३३२ | ० |
| ११३ | सिन्धी | २९१ | ० |
| ११४ | पङ्ग्वाली | २४७ | ० |
| ११५ | वेलहरी | १७७ | ० |
| ११६ | सुरेल | १७४ | ० |
| ११७ | मालपाण्डे | १६१ | ० |
| ११८ | खरिया | १३२ | ० |
| ११९ | साधनी | १२२ | ० |
| १२० | हरियानी | ११४ | ० |
| १२१ | सम | १०६ | ० |
| १२२ | वनकरिया | ८६ | ० |
| १२३ | कुसुण्डा | २३ | ० |
| १२४ | अन्य | ४००१ | ०.०१ |
| | स्रोत नखुलेका | ३४६ | ० |
| | मातृभाषा | २९१६४५७८ | १०० |

स्रोतः भाषा आयोग प्रतिवेदन, २०७८

**नेपालका भाषाहरूको स्तरगत वर्गीकरण**

भाषाहरूको प्रयोगपरक अध्ययन नै स्तरगत वर्गीकरण हो । गणनीय कार्यमा सबै भाषा उस्तै भए पनि प्रयोगका तहमा भाषाहरूको अवस्था फरक-फरक हुन्छ। एउटा समयमा गरिएको भाषा गणना र अर्को समयमा गरिने भाषाको गणनाका बिचको अवधिमा भाषा विकसित, विकासशील, सङ्कटापन्न एवम् जुनसुकै स्थितिमा रहन सक्छ। भाषिक अध्ययनका क्रममा एक पटक एउटा स्थानमा देखिएका भाषाहरू दशक-दशकमा हुने गणनामा अर्को स्थानमा परिवर्तित हुन्छन् । नयाँ भाषा थपिदै जान्छन् भने पुराना भाषाहरूको स्थितिमा परिवर्तन हुन्छ। कुनै पनि भाषाको प्रयोगका दृष्टिले स्तरगत अध्ययन गर्दा विकसित, विकासशील, सङ्कटापन्न, लोपोन्मुख र मृतभाषाका आधारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ (पौडेल र भट्टराई, २०७७, पृ. २६०) । विकसित, विकासशील, सङ्कटापन्न, लोपोन्मुख र मृतभाषाको परिचय दिई नेपालका सन्दर्भमा लोपोन्मुख भाषाको स्थिति पहिल्याउने प्रयास गरिएको छ।

***विकसित भाषा***

बहुप्रयोगका दृष्टिले सबै विषय क्षेत्रमा प्रचलित भाषा सम्पन्न भाषा हो । पूर्ण रूपमा विकसित भाषाहरू यस कोटिमा पर्दछन् । यस भाषाभित्र समेटिन सामान्य बोलीचालीदेखि लिएर शिक्षा, सञ्चार, प्रशासन, कानुन, स्वास्थ्य, गणित, ज्ञान-विज्ञान तथा प्रविधिका क्षेत्रमा प्रयुक्त शब्दभण्डारको प्रशस्त विकास भएको हुन्छ। सङ्ख्यात्मक दृष्टिले धेरै मानिसले बोल्दैमा भाषा सम्पन्न हुन्छ भन्ने होइन। कुनै भाषा यस्ता पनि छन् जुन सङ्ख्यात्मक हिसाबले बढी बोलिन्छन् तापनि सपन्नताको कोटिमा पर्दैनन् । भाषिक सम्पन्नता त्यो हो जुन भाषामा साहित्य, सञ्चार, कृषि, विज्ञान-प्रविधि, प्रशासन, कानुन, शिक्षा, धर्म, कला, संस्कृति, इतिहास एवम् वाङ्मयको विकास उच्च श्रेणीमा पुगेको हुन्छ।

नेपालमा नेपाली भाषा सम्पन्न तथा विकसित भाषा हो । नेपालको प्रथम जनगणनादेखि भएको भाषा गणनामा नेपाली भाषा अतुलनीय अग्र स्थानमा छ। राजा दामुपालको १०३८ को दुल्लू अभिलेखलाई कोसे ढुङ्गा बनाएर अगाडि बढेको नेपाली भाषा एघार सय वर्षको इतिहासको सेरोफेरोमा पुगेको छ। यति लामो इतिहास बोकेको नेपाली भाषा आजका दिनसम्म आइपुग्दा सम्पूर्ण विषयलाई उजागर गर्न सक्ने, आवश्यकता अनुकूल शब्द निर्माण गर्न सक्ने, मुलुकका सबै जनताले बुझ्न सक्ने, मातृभाषा सरह बोल्न सक्ने, परिआउँदा राष्ट्रभाषा, सम्पर्क भाषा र माध्यम भाषाका रूपमा राम्रोसँग उपयोग गर्न सकिने सक्षम भाषाको रूपमा विकसित भएको छ। तथापि, मुलुकमा एउटै भाषा मात्रै विकसित भाषाका स्थानमा रहिरहन्छ भन्ने हुँदैन। विकासशील भाषा विकसितको कोटिमा पुग्दछन् ।

सबै विषय क्षेत्रमा प्रयुक्त भाषा विकसित वा सम्पन्न भाषा हो । शिक्षा, सञ्चार, प्रशासन, कानुन, ज्ञानविज्ञान आदि क्षेत्रमा प्रयुक्त एवम् सम्पर्क र सरकारी कामकाजमा प्रयुक्त धेरै वक्ता सङ्ख्या भएको भाषालाई विकसित भाषा मानिन्छ। नेपालका सन्दर्भमा सरकारी कामकाजमा प्रयुक्त, शिक्षा, प्रशासन, कानुनका क्षेत्रमा प्रयुक्त, अधिक वक्ता सङ्ख्या भएको, बाँकी जनसङ्ख्याले दोस्रो भाषाको रूपमा

प्रयोग गर्न सक्ने, साहित्य र साहित्येत्तर विषयमा व्यापकताका साथ प्रयोग भएको नेपाली भाषा विकसित भाषा हो ।

नेपालमा अङ्ग्रेजी भाषाको सिकाइलाई बालकले औपचारिक रूपमा विद्यालय गएर सिक्ने प्रचलन छ। यस कुरालाई समाजमनोविज्ञानले प्रभाव पारेको छ। अन्य वक्ताहरूले महाविद्यालय तथा इन्स्टिच्युटबाट अध्ययन, अनुसन्धान तथा व्यवसाय एवम् रोजगार पर्वद्धन हेतु अङ्ग्रेजी भाषा सिक्ने गरेको पाइन्छ। वस्तुतः मातृभाषा सिकाइका दृष्टिले राज्यद्वारा उपयुक्त वातावरण र सुविधातर्फ ध्यान नपुगेका कारण पक्कै पनि आफ्नो जाति वा पुर्ख्यौली भाषा सिकाइ कम हुँदै गएको स्थितिलाई नकार्न सकिँदैन। वर्तमान परिप्रेक्ष्यमा नेपालमा नेपाली भाषाभित्र भाषिक मिश्रण बढेको भए पनि नेपाली मातृभाषी र दोस्रो नेपाली भाषाका वक्ता घट्दो तथा अङ्ग्रेजी मातृभाषा बढ्दो छ भन्ने टिप्पणी गर्ने परिस्थितिचाहिँ बिलकुलै छैन। यद्यपि मातृभाषाको रूपमा अङ्ग्रेजीप्रति आकर्षण होइन प्रयोजनपरक दृष्टिले अङ्ग्रेजी भाषाप्रेम बढेको हो भन्न सकिन्छ। प्रयोजनपरक दृष्टिले नेपाली भाषाका तुलनामा अङ्ग्रेजी भाषा सिकाइप्रति मोह बढ्दै गएको कुरा चाहिँ धेरै हदसम्म सत्य हो । अतः नेपाली भाषाको विकास र सक्षमतालाई विकसित भाषाकै स्थानमा राखिरहन भाषानीति र योजना निर्माणमा सरोकारवालाको विशेष भूमिका रहि रहन्छ।

***विकासशील भाषा***

विकासोन्मुख अवस्थाबाट फड्को मारेर विकास हुँदै गरेको वा प्रगतिको बाटोमा गतिशील रूप नै विकासशील अवस्था हो। अविच्छिन्न रूपमा विकासको गतिमा अगाडि बढेका भाषाहरू विकासशील भाषा हुन्। मुलुकमा प्रयोगमा आएका भाषाहरू क्रमशः विकसित भई श्रेणी वृद्धि हुनु भाषाको विकासशील गुण हो। यसलाई भाषाको स्तरोन्नतिको अवस्था मानिन्छ। विकासशील भाषाहरूमा एकातिर वक्ता सङ्ख्या वृद्धि हुनका साथै साहित्य, कला, कानुन, शिक्षा, सञ्चार, स्वास्थ्य, प्रविधि तथा ज्ञान- विज्ञान एवम् पर्यटन र उद्योग जस्ता व्यवसायका क्षेत्रमा शब्दभण्डारको विकास, प्रयोग र विस्तार जस्ता कुराहरू पनि सँगसँगै भएको हुन्छ। विकासशील अवस्थाका भाषाहरूमा विषयगत क्षेत्रको अभिव्यक्तिका लागि विकसित भाषामा जस्तो शब्दभण्डार विकसित भई नसकेको अवस्था पनि हुन सक्छ।

मुलुकमा व्यवहृत भाषालाई संरक्षण, संवर्धन गर्ने नगर्ने वा कुन भाषालाई बढावा दिई अगाडि बढाउने भन्ने कुरा राज्यको भाषानीतिमा निर्भर रहन्छ। हुन त भाषानीतिमा समेटिँदैमा भाषाहरूको विकास हुन्छ भन्ने कुरा होइन। जबसम्म भाषानीतिलाई भाषायोजना मार्फत कार्यान्वयनमा ल्याइँदैन तबसम्म भाषानीतिमा समेटिएका भाषाहरूको संरक्षण, संवर्धन, प्रयोग- विस्तार र विकास सम्भव छैन। सजग र सचेत भए भने राज्यको भाषानीतिमा प्राथमिकतामा नपरेका भाषाहरू पनि विकासशील कोटिमा पुग्न सक्छन् र पुगेका पनि छन्। नेपालका कतिपय भाषाहरू विकासशील अवस्थाकै कोटिमा रहेका छन्।

निरन्तर विकासको गतिमा अगाडि बढेका भाषाहरू विकासशील भाषा हुन्। शिक्षा, सञ्चार, साहित्य लेखन,प्रकाशन, कोश निर्माण, व्याकरण लेखन, लिपि निर्धारण, वर्णनिर्धारणका दृष्टिले सशक्त बन्दै गएका

भाषाहरू विकासशील भाषा हुन् । नेपालका सन्दर्भमा वक्ता सङ्ख्या १ लाखभन्दा बढी भएका मैथिली, भोजपुरी, थारू, तामाङ, नेवारी, बज्जिका, मगर, डोटेली, उर्दू, अवधी, लिम्बू, गुरूङ, बैतडेली, राई, अछामी, बान्तवा, राजवंशी, शेर्पा गरी १९ वटा भाषाहरूलाई विकासशील भाषा मान्न सकिन्छ । यी भाषाहरूमध्ये पनि कतिपय भाषाहरू वक्ता सङ्ख्याका दृष्टिले एक लाखभन्दा बढी भए पनि प्रयोगका दृष्टिले विकासोन्मुख अवस्थामा रहेका छन् ।

***सङ्कटापन्न भाषा***

भाषाका प्रयोक्ताहरूले आफ्नो मातृभाषाको प्रयोग व्यवहार कम गरी प्रभावशाली भाषाप्रति झुकाव राख्दा भाषाहरू सङ्कटापन्न अवस्थामा पुग्दछन् । भाषाका वक्ता सङ्ख्याका दृष्टिले लोपोन्मुख नभए पनि मातृभाषीहरूले सचेत रूपमा भाषिक अवलम्बन नगर्दा समयक्रमसँगै लोपोन्मुख स्थितिमा पुग्न सक्ने यस्ता भाषाहरूको संरक्षण र संवर्धन आवश्यक हुन्छ । नेपालमा प्रयोग योग्य भाषामध्ये १० हजारसम्म वक्ता सङ्ख्या भएका भाषाहरूलाई सङ्कटापन्नको श्रेणीमा राख्न सकिन्छ (पौडेल र भट्टराई, २०७७, पृ. २६७) । बोलीचाली भाषाको जीवन्त अवस्था हो । यो भाषाको प्राकृतिक र कथ्य रूप हो । भाषालाई जति व्यवहारमा ल्यायो त्यति नै विकास र विस्तार हुँदै जान्छ । भाषा छ तर व्यवहारमा आउँदैन, भाषिक वक्ता छन्, भाषालाई बोलीचालीमा ल्याउँदैनन् अर्थात् कम प्रयोग गर्छन् भने यसरी भाषिक व्यवहारमा कमी हुँदै जाँदा भाषा सङ्कटमा पर्दै जान्छ । भाषिक वक्ताहरूले आफ्नो मातृभाषाको महत्व थाहा नपाउनु, जानेर पनि महत्व नदिनु अथवा आफ्नो भाषाको प्रयोजन र औचित्य नदेख्नु, आफ्नो मौलिक पहिचानको भाषा हो भनी नबुझ्नु जस्ता कारणले भाषा सङ्कटापन्न अवस्थामा पुग्दछ । भाषा गरिब हुँदै गयो भने जोखिम बढ्दै जान्छ । समाजको द्विभाषिक वा बहुभाषिक अवस्थामा कुनै प्रभावशाली भाषाको दबाबले कमजोरमा पर्नु, आफूले बोल्ने मातृभाषालाई औपचारिक ठाउँमा प्रयोग नगर्नु, अभिभावक वा बाबुआमाले आफ्नो मातृभाषालाई प्राथमिकता दिएर बालबालिकालाई नसिकाउनु वा बेवास्ता गर्नु, अन्तरजातीय विवाह गर्नु, भाषा, साहित्य, सञ्चार, शिक्षा, कानुन, विज्ञान र प्रविधि एवम् लेखन र प्रकाशनीय कार्य बिस्तारै सुस्त हुँदै जानु भाषामा सङ्कट आउनु हो ।

अतः भाषा वक्ता, समुदाय र राज्यबाट ओझेल पर्दै जान्छ भने त्यस्ता भाषा सङ्कटापन्न हुन् । भाषा सङ्कट पर्नु वा संरक्षण गर्नु दुवै अवस्थामा मातृभाषिक समुदाय र राज्य जिम्मेवार मानिन्छन् । प्रथमतः मातृभाषिक समुदायले आफ्नो मौलिक पहिचान दिने भाषालाई केवल रोजगार र व्यवहृत जीवनमा काम चलाउने रूपमा हेरेको देखिन्छ । आफ्नो भाषा बोलेर काम हुँदैन, अर्कोले बुझ्दैन, सम्बन्धित निकायमा हाम्रो भाषा बुझ्ने मान्छे हुँदैनन्, प्रशासनको मान्छेले पनि बुझ्दैनन् । मुलुकभित्रका सबै राष्ट्रभाषाहरूको संरक्षण, संवर्धन र विकासमा राज्य र भाषिक समुदायहरू जिम्मेवार हुनु पर्ने कुरामा दुईमत छैन । मुलुकमा निहित सबै भाषाहरूलाई राष्ट्रिय सम्पदाका रूपमा ग्रहण गरी जगेर्ना गर्नु राज्य र भाषिक समुदायको दायित्व हो । यदि राज्यले दायित्व नलिए मातृभाषीहरूले मात्रै आफ्नो भाषाको संरक्षण र समुन्नत विकासमा लाग्न, जुट्न त्यति सहज हुने देखिँदैन । यसर्थ भाषाहरूलाई सङ्कटबाट जोगाई विकासशील र विकसित अवस्थामा पुऱ्याउनु

राज्यकै पहिलो दायित्व हो । नेपालका एक प्रतिशतभन्दा मुनि देखिएका भाषामध्ये धेरै भाषाहरू सङ्कटको घेरामा छन् । नेपालका भाषाहरूलाई सङ्कटापन्न अवस्थाबाट जोगाउन स्पष्ट भाषानीति र भाषायोजना निर्माण गरी प्रत्येक मातृभाषाको संरक्षण गर्ने कार्यलाई कार्यान्वयनमा ल्याउनु पर्दछ । नेपालमा प्रयोग योग्य भाषाहरूमध्ये १० हजारसम्म वक्ता सङ्ख्या भएका भाषाहरूलाई सङ्कटापन्नको कोटिमा राख्नु उपयुक्त हुन्छ । परिणामतः हिजोका विदेशी भाषाहरू नेपालका राष्ट्रभाषा र मातृभाषा हुन सक्दैनन् भन्ने जिज्ञासा जो सुकैको रहन सक्छ । यस विषयमा के भन्न सकिन्छ भने विदेशी भाषाहरू जबसम्म नेपालको जाति, संस्कृति, जीवनशैली र सामाजिक परिवेशमा मिलेको, भिजेको र चिनेको हुँदैन वा मातृभाषा तथा राष्ट्रभाषा बन्ने सबल आधारमा स्तरोन्नतिमा पुग्दैन तबसम्म त्यस्ता भाषालाई नेपालका मातृभाषाहरूमा गणना गरिनु हुँदैन । यस्ता समस्याहरूमा नेपाल सरकार र सम्बद्ध निकायहरू योजना आयोग, तथ्याङ्क विभाग, भाषा आयोग र प्रज्ञा-प्रतिष्ठान, विद्यालय तथा विश्वविद्यालयका भाषा विषयक भाषा विभाग, विभिन्न जाति तथा भाषिक प्रतिष्ठानहरू र भाषाविद् तथा अध्येताहरूको सक्रियताको खाँचो रहन्छ । यस कार्यमा सम्बद्ध पक्षमा छलफल र सहकार्य एवम् अध्ययन अनुसन्धान भइरहनु पर्दछ । यसै अनुरूप राष्ट्रभाषा, मातृभाषा एवम् विदेशी भाषाहरूको निर्क्यौल गरिनु आवश्यक छ ।

नेपालमा बोलिने वक्ता सङ्ख्या कम भएका भाषाहरूमा नेपाली भाषाको प्रयोग बढ्दो छ । भाषाहरू समयसँगै बिस्तारै वा कहिलेकाहीं एक्कासी पनि लोप हुन सक्छन् । युद्ध वा प्राकृतिक प्रकोपले कुनै एउटा समुदायका सदस्यहरूको मृत्यु भएमा भाषाको एकै पटकमा (आकस्मिक) लोप हुन जान्छ । सामाजिक आर्थिक कारणले कुनै एउटा भाषिक समुदायमा बसोबास गर्ने व्यक्तिहरू अन्य भाषाको सम्पर्कमा रहँदा भाषाको प्रयोग सुम्पिदै जान्छ । निश्चित क्षेत्रमा बसोवास गर्ने आदिवासी समूहका भाषाहरू कम सङ्ख्याले बोल्ने गर्दछन् । यसरी भाषाले आफ्नो शब्दभण्डार र व्याकरण समेत गुमाउँदै जान्छ । नेपालका सन्दर्भमा भाषाको लोप एकै पटक (एक्कासी) भन्दा पनि क्रमशः भएको देखिन्छ ।

युनेस्कोले नेपालका सङ्कटापन्न भाषाहरूलाई निम्नानुसारको सङ्कटापन्नताको स्तरमा वर्गीकरण गरेको छ ।

### *असुरक्षित*

अधिकांश बालबालिकाले यस्तो भाषा बोले पनि घरमा केही क्षेत्रमा मात्र भाषाको प्रयोग हुन्छ । यस समूहमा अङ्गिका, वान्तावा, चेपाङ घले, जेरो, कोबी, कुलुङ, कुमाउनी, कुडुख साम्पाङ, सतार, सेके, तामाङ, शेर्पा, सिसाद सुनुवार थकाली र वाम्बुले लाई समावेश गरिएको छ ।

### *निश्चित सङ्कटापन्न*

बालबालिकाले निश्चित सङ्कटापन्न भाषा मातृभाषाका रूपमा सिकेका हुँदैनन् । यस समूहमा आठपहरिया, बाहिङ, ब्याँसी, चाम्लिङ, छन्त्याल, छिन्ताङ, खिलुङ, दार्मा, डोल्पो, दुड्याती, गुरुङ, ग्याल्सुम्दो, हालुङ, भोट, जिरेल, कागते, काइके, खाचड भोटे, खालिङ, खाम, लाङटाङ तिब्बती, लेप्चा, लिम्बू,

लिमिरोड तिब्बती, लोके तिब्बती, मगर, नार्पा (नार- फु), नेवार / नेपाल भाषा, नुब्री, निस्याङ्बा (मनाङे), थामी, थुलुङ, चुम, याम्फु लाई समावेश गरिएको छ।

### *अति सङ्कटापन्न*

अति सङ्कटापन्न भाषा 'हजुरबुबा' र त्यसभन्दा माथिका उमेरका व्यक्तिले बोल्छन्। बाबुआमा उमेरका (पुस्ताका) व्यक्तिले यस्तो भाषा बुझ्छन् तर उनीहरूले आफूहरू बिचमा र बालबालिकासँग भाषा बोल्दैनन्। यस समूहमा दनुवार, दरई, धिमाल, कुमाल, लोहोरुङ, माझी, मेवाहाङ, नाछिरिङ, पुमा, राजी राउटे र साम पर्दछन्।

### *नाजुक किसिमले सङ्कटापन्न*

यस समूहका भाषा बोल्ने वक्ता हजुरबुबा र त्यसमाथिको उमेरका हुन्छन् र उनीहरूले केही मात्रामा र कहिलेकाहीं आफ्ना भाषा बोल्छन्। बराम, कुसुन्डा, दुमी, हायु, सुरेल, सिलुङ, याक्खा यस समूहमा परेका छन्।

### *लुप्त*

यस समूहका भाषाका वक्ताहरू बाँकी नरहेको अवस्था हो। दुरा भाषा यस समूहमा रहेको छ। भाषा लोप हुने कारण मध्येमा नेपालमा भाषाका वक्ताको सङ्ख्या मूल कारण रहे पनि तिनीहरूको वितरण (सघनता) नहुनु मुख्य रहेको देखिन्छ। उदाहरणका लागि मनाङको नार फु गाउँपालिकामा बोलिने नार फु भाषाका करिब ५०० वक्ता भए पनि यो भाषा सबल छ। त्यस गाउँका सबै उमेर समूहका व्यक्तिले यो भाषा बोल्छन्। आधारभूत विद्यालयमा शिक्षण गर्ने शिक्षकले समेत बालबालिकालाई पढाउँदा त्यही भाषा सिकेर पढाउँछन्। यस गाउँमा एकभाषी नार फु बोल्ने वक्ताहरू समेत रहेका छन्। वक्ताको सङ्ख्या कम हुने भाषा र भाषा पुस्तान्तरण नहुने भाषा सङ्कटमा पर्ने कुरा आफैँमा प्रस्ट पर्दछ। औद्योगिकीकरण, सहरीकरण, भूमण्डलीकरण र अर्थतन्त्रको बदलिदो परिस्थितिले समेत भाषालाई मृत्युको नजिक पुऱ्याउँछ। राज्यको भाषाप्रतिको नीति भाषा लोप हुनुको अर्को मुख्यः कारण रहन्छ। राजनीतिक र धार्मिक कारणले त्यो भाषा मूल भाषाका रूपमा प्रयोग हुनबाट बञ्चित हुन जान्छ, त्यस भाषाको प्रयोगमा सीमितता आउँछ।

### *लोपोन्मुख भाषा*

बोलचालमा रहेका भाषाका वक्ताहरू घट्दो क्रममा देखिनु लोपोन्मुख अवस्था हो। कुनै पनि भाषाका वक्ताहरूले आफ्नो भाषाको प्रयोग व्यवहारमा कमी गर्ने र प्रभावशाली भाषाको प्रयोगतर्फ प्रवृत्त हुने प्रवृत्तिबाट भाषाहरू लोपोन्मुख अवस्थामा पुग्दछन्। प्रयोगका दृष्टिले भाषा क्रमशः हराउँदै गरेको अवस्था अथवा अस्तित्व देखिनुको साटो लोप हुने तिर लागेको तर लोप भइनसकेको स्थिति नै लोपोन्मुखको अवस्था हो। सामान्यतया कथ्य परम्परामा मात्र सीमित लिपि, वर्णव्यवस्था नभएका, वक्ता सङ्ख्या थोरै

भएका भाषाहरू लोपोन्मुख अवस्थामा पुग्दछन् । वक्ताको अभाव बढ्दै गई पुस्तान्तरण नहुने स्थितिमा रहेका भाषाहरू लोपोन्मुख श्रेणीमा पर्दछन् । वक्ताले बोली व्यवहारमा कम गर्दै लैजानु अर्थात् भाषा बोल्दाबोल्दै क्रमशः सकिँदै जानु लोपोन्मुखका अभिलक्षण हुन् । यस्ता भाषाहरू क्रमशः बढ्दै जान्छन् र वक्ताहरू स्वयम् ले बोल्न छोड्छन् । कि त वक्ता सङ्ख्या स्वतः घट्दै गई शून्यतामा ओह्रालो लाग्छ । वि.सं. २०७८ को जनगणनामा देखाइएको भाषिक तथ्याङ्कलाई हेर्दा थुप्रै स्वदेशी भाषाहरू एक प्रतिशतभन्दा कम वक्ता रहेका छन् । भाषाका वक्ताहरू न्यून रहनु र बोली व्यवहारमा अति कम प्रयोग हुँदै जानेको अवस्था चाहिँ लोपोन्मुख हो । उल्टो गतिमा रहेका भाषाहरू अन्ततोगत्वा ओह्रालो नै लाग्ने हुन् । खासगरी लेख्यभन्दा पनि कथ्य परम्परामा सीमित लिपि, वर्णव्यवस्था नभएका मातृभाषिक वक्ताहरूका भाषाहरू चाँडै लोपोन्मुख बाटोतिर लागेको पाइएको छ । प्रयोगका दृष्टिले भाषा क्रमशः हराउँदै गरेको अवस्था अथवा अस्तित्व देखिनुको साटो लोप हुनेतिर लागेको तर लोप नभइसकेको स्थिति लोपोन्मुख प्रवृत्ति हो । भाषाको सक्षमता घट्दो क्रममा हुनु लोपोन्मुखको लक्षण हो । खासगरी लिपि, व्याकरण, साहित्य आदि नभएका भाषाहरू चाँडै लोपोन्मुख भाषाका रेखामा पर्छन् । वास्तवमा कुन भाषा कस्तो छ भनेर थाहा पाउन भाषिक गणना गर्नु पर्छ । नेपालको जनगणनामा भाषालाई एउटा विषयको रूपमा समेटेर गणना गरिएको बाहेक नेपालमा विशुद्ध भाषा गणना भएको छैन ।

सामान्यतया वक्ताहरूको सचेत प्रयासको अभावमा भाषाहरू लोपोन्मुखको स्थितिमा पुग्दछन् । भाषिक समुदाय आफ्नो भाषाप्रति सकारात्मक हुन नसक्दा अथवा आफ्नो भाषाको विकास, पहिचान र प्रयोगमा जोड दिन नसक्दा भाषाहरू लोप हुन्छन् । आफ्नो मातृभाषाको प्रयोगको सीमितता, शिक्षा, सञ्चार, प्रशासन, सम्पर्कमा पहुँचको अभाव जस्ता कारणले गर्दा प्रयोक्ताहरू प्रभावशाली भाषातर्फ झुकाव राख्न पुग्दछन् । प्रयोक्ताहरूले यसरी अर्को भाषाको प्रयोगलाई महत्व दिँदा मातृभाषाको लोप हुन जान्छ । लोपका कारणहरूबारे मार्क टुरिन भन्छन् - परम्परागत वासस्थानको रूपान्तरण, प्राकृतिक प्रकोप र नेपाली भाषाको प्रभाव नेपालका भाषा लोप हुने मुख्य कारण हुन् (यादव र रेग्मी, २०६४, पृ. ६२) । सामान्यतया नेपालमा नेपाली भाषाको वर्चश्व र विगतको एकभाषी नीतिका कारण न्यून वक्ता सङ्ख्या भएका मातृभाषीहरू नेपाली भाषातर्फ आकृष्ट भएको पाइन्छ । त्यसैगरी नेपालमा कमजोर भाषाको संरक्षण र संवर्धन गर्ने नीतिको अभावमा कमजोर भाषाहरू अपक्षयको स्थितिमा पुगेको देखिन्छ । बलियो भाषाको प्रभावबाट जोगाएर राख्न अथवा भाषालाई लोप हुनुबाट जोगाउन व्यक्तिगत, सामाजिक तथा संस्थागत प्रयासको अभाव नै भाषाहरू लोपोन्मुख स्थितिमा पुग्नुको मुख्य कारण हो । कति वक्ता सङ्ख्या भएका भाषालाई लोपोन्मुख भाषाको कोटिमा राख्न सकिन्छ भन्ने सन्दर्भमा विद्वानहरूले आ-आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । कसैले दश हजारदेखि एक लाखसम्मका भाषालाई लोपोन्मुख भाषा, एक हजारदेखि दश हजारसम्मलाई अत्यन्त लोपोन्मुख र एक हजारभन्दा कम वक्ता सङ्ख्या भएकालाई प्राय मृत भाषा मानेका छन् । केही विद्वानहरूले सामान्यतया एक हजारभन्दा कम वक्ता सङ्ख्या भएका भाषाहरूलाई लोपोन्मुख भाषा मानेका छन् ।

**तालिका ६**

*एक हजारभन्दा कम वक्ता सङ्ख्या भएका नेपालमा बोलिने भाषाहरू*

| **भाषा** | **वक्ता सङ्ख्या** |
|---|---|
| पन्जावी | ८७१ |
| दुलेली | ७८६ |
| खाम्ची(राउटे) | ७४१ |
| लङ्कखीम | ७०२ |
| लोवा | ६२४ |
| खगते | ६११ |
| वालिङ | ५४५ |
| नार्फू | ४२८ |
| लोमी | ४१३ |
| पोइके | ४१० |
| कुर्माली | ३९७ |
| कोचे | ३३२ |
| सिन्धी | २९१ |
| पङ्वाली | २४७ |
| वेलहरी | १७७ |
| सुरेल | १७४ |
| मालपाण्डे | १६१ |
| खरिया | १३२ |
| साधनी | १२२ |
| हरियानी | ११४ |
| सम | १०६ |
| वनकरिया | ८६ |
| कुसुण्डा | २३ |

नेपालमा लोपोन्मुख अवस्थामा पुगेका २१ वटा मातृभाषाहरूको सङ्क्षिप्त चर्चा निम्न अनुसार गरिएको छ।

**तालिका ७**

*नेपालमा लोपोन्मुख अवस्थामा पुगेका मातृभाषाहरू*

| क्र.सं. | भाषाको नाम | बोलिने स्थान | भाषा परिवार | सामिप्यता |
|---|---|---|---|---|
| १ | सोनाहा | कैलाली,कञ्चनपुर | भारोपेली | डगौँरा,राना,कठरिया |
| २ | सुरेल | दोलखा जिल्ला | भोटबर्मेली | हायु,सुनुवार |
| ३ | साम | भोजपुर,इलाम | भोटबर्मेली | कलुङ,लङ्खिम |
| ४ | ल्होमी | संखुवासभा | भोटबर्मेली | डोल्पा,लोवा |
| ५ | लुर्त्ति म | इलाम | भोटबर्मेली | कुलुङ र वान्तवा |
| ६ | खाम्ची (राउटे) | डडेल्धुरा,दैलेख,दाङ,सल्यान | भोटबर्मेली | राजी |
| ७ | मालपाँडे भाषा | झापा, बिर्तामोड | भारोपेली | - |
| ८ | मनाङ्गे भाषा | मनाङ | भोटबर्मेली | थकाली,तामाङ |
| ९ | व्यासी भाषा | दार्चुला व्याँस उपत्यका | भोटबर्मेली | धुलेली |
| १० | बराम भाषा | गोर्खा | भोटबर्मेली | थामी |
| ११ | वनकरिया भाषा | मकवानपुर | भोटबर्मेली | चेपाङ र भुजेल |
| १२ | फाङ्दुवाली | धनकुटा | भोटबर्मेली | मुगाली |
| १३ | धुलेली | बझाङ | भोटबर्मेली | व्यासी,सौका |
| १४ | डडेल्धुरेली | डडेल्धुरा | भारोपेली | बैतडेली,डोटेली |
| १५ | जुम्ली | जुम्ला,डोल्पा | भारोपेली | मझाली |
| १६ | खडिया | झापा | अस्ट्रो-एशियाटिक | |
| १७ | कुसुन्डा | दाङ,रोल्पा | एकल | नभएको |
| १८ | कुर्माली | झापा | भारोपेली | राजवंशी |
| १९ | कागते | रामेछाप | भोटबर्मेली | शेर्पा |
| २० | काइके | डोल्पा | भोटबर्मेली | पोईके र भोटे |
| २१ | बेलहारे | धनकुटा | भोटबर्मेली | |

***मृतभाषा***

जीवन्त भाषा प्रयोगमा आउन छोडेपछि क्रमशः शून्य अवस्थामा पुग्छ र अन्त्यमा अस्तित्व नै समाप्त हुन्छ। क्रिस्टल डी सट (सन् २०००) ले 'ल्याङ्वेज डेथ' नामक पुस्तकमा भाषिक मृत्युलाई मानिसको मृत्युसँग तुलना गरेका छन्। साथै मानिसबिना भाषाको कुनै अस्तित्व हुँदैन र भाषा प्रयोगमा नआउने स्थितिमा पुग्नु अर्थात् भाषालाई मानिसले प्रयोगमा नल्याउनु भाषाको मृत्यु अर्थात् भाषिक मृत्यु हो। नेपालमा भाषिक सङ्ख्याका आधारमा हेर्दा जनगणनामा परेका विदेशी भाषा बाहेक जुम्ली, ल्होमी, बेलहरे, ओरिया, सोनहा, डडेल्धुरी, ब्याँसी, आसामी, खाम्ची (राउटे) देखि कुसुन्डासम्मका थुप्रै भाषा मृत्युन्मुख भाषाका कोटिमा पर्दै गएका छन्।

भाषा जति प्रयोगमा आउँछ त्यति नै जीवन्त हुन्छ । कुनै भाषा अभिलेखमा सीमित भई बिस्तारै व्यवहृत हुन छोड्नु शून्य अवस्थामा पुग्नु हो । अर्थात्, जीवन्तबाट शून्यतामा पुग्नु मृत्यु नै हुनु हो । टोवा र राई (सन् २००१) का अनुसार युनेस्कोको एक अध्ययनमा सूक्ष्मतम रूपमा भाषाको घट्दो प्रयोगबाट प्रारम्भमा लोपोन्मुख प्रक्रियाको सङ्केत गर्दछ र अन्ततोगत्वा त्यसलाई 'मृत्युसम्म पुऱ्याउँछ भनिएको छ । यसरी हेर्दा भाषिक मृत्यु भनेको भाषाको प्रयोग वा अस्तित्व समाप्त भएको अवस्था हो । कुनै समयमा प्रयोगमा आएको भाषा अभिलेखमा कैद भई व्यावहारिक प्रयोजनका दृष्टिले शून्य मूल्य को स्थितिमा पुग्यो भने त्यो भाषिक मृत्युवरणको अवस्था हो ।

नेपालमा २०६८ को जनगणना अनुसार कुसुन्डा भाषाको वक्ता सङ्ख्या जम्मा २८ जना रहेको थियो । २०७६ माघ २९ गते बुधबार गोरखापत्रले कुसुन्डा भाषाकी वक्ता ज्ञानीमैयाँ कुसुन्डाको २०७६ माघ महिनामा निधन भएपछि एक प्रकारले कुसुन्डा भाषा मृत्युवरणको अवस्थामा पुगेको समाचार प्रकाशित गरेको थियो । साथै भाषा आयोगले ज्ञानीमैयाँ जीवित छँदै जङ्गली जीवन कस्तो थियो ? बा-आमाले कस्तो व्यवहार गर्थे ? कुसुन्डा समुदायले जन्मदेखि मृत्युपर्यन्त के के गर्थे ? कुसुन्डा समुदायमा के के गर्नु हुन्थ्यो र के के गर्नु हुँदैनथ्यो ? भनी सोधेका प्रश्नमा ज्ञानीमैयाँले आफ्नै भाषामा बोलेको र दाङको घोराहीमा ज्ञानीमैयाँ जीवितै छँदा कुसुन्डा भाषा प्रशिक्षण कक्षा सञ्चालन गरेका शब्दवाक्यहरूलाई लिपिबद्ध गरिएको, विद्युतीय (डिजिटल) भाषाकोश तयार पारिएको तथा वृत्तचित्र समेत निर्माण गरिएको समाचार पनि एकसाथ प्रकाशित गरिएको छ ।

वस्तुतः यो कुसुन्डा भाषाको घटना एउटा प्रसङ्ग गाँसिएको समाचार मात्रै होइन, प्रतिनिधिमूलक घटना र सूचना पनि हो । नेपालका थुप्रै मौलिक पहिचानका मातृभाषाहरू लोपोन्मुख अवस्थामा छन् । यसरी नेपालमा धेरै भाषाहरू एक समयमा सङ्कटापन्न अवस्थामा रहँदै ओह्रालो लागेर लोपोन्मुख अवस्थामा आइपुगेका छन् । भाषाको विकासक्रममा ध्यान नपुऱ्याउँदा क्रमशः विकासशील भाषाहरू सङ्कटापन्न हुँदै लोपोन्मुख, मृत्युन्मुख र अन्त्यमा भाषिक मृत्युको अवस्थामा पुग्दछ । वस्तुतः सर्वप्रथम ''भाषिक मृत्यु' को जटिल अवस्थामा रहेका भाषालाई जोगाउनका लागि भाषानीति र भाषायोजनाले विशेष भूमिका खेल्न सक्नु पर्छ । अतः नेपालका सबै मातृभाषाहरूको संरक्षण, संवर्धन र विकास गर्ने विषयका बारेमा एकजुट हुनु नै अहिलेको टड्कारो आवश्यकता हो ।

**लोपोन्मुख भाषाहरूको संरक्षण, संवर्धन र विकासका प्रयासहरू**

नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्रभाषाको मान्यता प्रदान गरेको छ । यस संवैधानिक व्यवस्था अनुरूप सबै भाषाहरूको संरक्षण, संवर्धन र विकासका लागि भाषा आयोगको स्थापना भएको छ । भाषा आयोगले लोपोन्मुख भाषाहरूको वर्णनिर्धारण, शब्द सङ्कलन, शब्दकोश निर्माण, व्याकरण लेखन, पाठ सङ्कलन, लेख्य सामग्री सङ्कलन र भाषिक इतिहास लेखन कार्यबाट भाषाको संरक्षण, संवर्धन र विकास गर्ने उद्देश्य राखेको छ । यसका लागि विश्विद्यालयहरू, प्रतिष्ठानहरू, क्याम्पसहरू,

अनुसन्धान केन्द्र एवम् स्थानीय निकायहरूसँग समन्वय गरी कार्यहरू गर्दै आएको छ । भाषा आयोगले सम्पन्न गरेका र सम्झौता गरेका केही कार्यहरूको विवरण यसप्रकार रहेको छ ।

**तालिका ८**

*भाषा आयोगले स्थापनाकालदेखि हालसम्म गरेका भाषासम्बन्धी कार्यहरू*

**अभिलेखीकरणसम्बन्धी कार्य**

| क्र.सं. | विधा | भाषा | जम्मा |
|---|---|---|---|
| १ | वर्ण निर्धारण | मगही, धुलेली, छन्त्याल, जुम्ली, किसान, जेरूङ, बेलहरी, लाप्चा, लुङ्खिम, मारेक, याक्खा, हायु, सुरेल, व्याँसी, मार्फा थकाली, कुसुन्डा, सोनाहा । | १७ |
| २ | शब्द सङ्कलन | किसान, उराँव, मेचे, बेलहारे, राजवंशी, शेर्पा, लुङ्खिम, सामपाङ, सन्थाली, मारेक याक्खा, दुङ्गाली , थुलुङ, बज्जिका, बोटे, कुमाल, दनुवार (डोने), सुरेल, हायु, थामी, छन्त्याल, दूरा, कुसुन्डा, जुम्ली, व्याँसी, राजी, सोनाहा कठरिया, धुलेली, मार्फा थकाली, लाप्चा, जेरूङ्, साङपाङ, तिलङ्, भोट, राउटे, दरई, मगही | ३७ |
| ३ | शब्दकोश निर्माण | मेचे, साङपाङ, आठपहरिया, बेलहारे, चाम्लिङ, जेरुङ, लाप्चा, बज्जिका, पहरी, मार्फा थकाली, दूरा, छन्त्याल, थामी, लिम्बू । | १४ |
| ४ | पाठसङ्कल्न | जेरुङ, राजवंशी, स्युवा/कागते, उराँव, लुङ्खिम, लोहोरुङ, शेर्पा, भोजपुरी, बोटे, मगही, सरेल, हाय, थामी, दरई, दुरा, ल्होवा्ल्होपा, राउटे, मगालु/मुगाली, राजी, ल्होमी, लाप्चा, चाम्लिङ | २२ |
| ५ | भाषिक इतिहास लेखन | उराँव, कुमाल, तिलङ्, बेलहारे, राजवंशी, स्युवा/कागते, किसान, लोहोरुङ, सुनुवार, कुलङ्, सोनाहा, ताजपुरिया, याम्फु, याक्खा, शेर्पा, कोयी, बोटे, भोजपरी, बज्जिका, मगही, दनुवार (डोने), गोपाली, जिरेल, ह्योल्मो, दूरा, ल्होमी, दरई, गरुङ्, कुसुन्डा, काइके, रानाथारू, मगर (खाम), लाप्चा, हायू, मगर ढुट, माझी, राउटे, जुम्ली | ३८ |
| ६ | व्याकरण निर्माण | स्युवा (कागते), वाम्बुले, कुमाल, लुङ्खिम, दनुवार (डोने), दुरा, मार्फा थकाली, भोटभाषा, जुम्ली/खस, राजी, डोटेली, रानाथारू र मेचे | १३ |
| ७ | वृतचित्र निर्माण | कुसुन्डा र तिलुङ | २ |
| | जम्मा | | १४ |

स्रोतःभाषा आयोग प्रतिवेदन, २०७८

त्यसै गरी केही भाषाहरूको मातृभाषा शिक्षणका लागि पाठ्यक्रम निर्माण गर्ने, मातृभाषा शिक्षणको सम्भाव्यताको अनुसन्धान गर्ने लगायतका कार्यहरू पनि भएका छन् । केही भाषाभाषीहरूले आफ्नो भाषाको संरक्षण र संवर्धनका लागि संस्थाहरूको गठन गरी पाठ्यसामग्री निर्माण गर्ने, सचेतनाका कार्यक्रमहरू सञ्चालन गरेका छन् । विभिन्न विश्वविद्यालयहरूले लोपोन्मुख भाषाहरूका सन्दर्भमा अध्ययन अनुसन्धान गर्ने गराउने गरेका छन् ।

लोपोन्मुख आदिवासी समुदायका लागि भाषाको विशेष व्यवस्था गरेको छ। स्थानीय तहमा लोपोन्मुख अवस्थामा रहेका आदिवासी अल्पसङ्ख्यक भाषिक समुदायको सघन उपस्थिति रहेका क्षेत्र वा समुदायमा , शिक्षा, स्वास्थ्य, सरुक्षा, संस्कृति, न्याय निसाफ, जनजीविका, प्रविधि, कृषि, वातावरण, जनप्रशासन, वित्तीय कारोबार, विपद् व्यवस्थापन, नागरिक सचेतना लगायतका आधारभूत सेवा प्रवाह गर्न र समदाय स्तरमा कामकाजको भाषाका रूपमा निश्चित कार्य र क्षेत्रका लागि लोपोन्मुख भाषा निर्धारण गरी स्थानीय तहले कानुन बमोजिम विशेष व्यवस्था गर्नु पर्ने छ भनी व्यवस्था गरेको पाइन्छ ।

## निष्कर्ष

बहुभाषिक मुलुकमा कमजोर भाषाहरू प्रभावशाली भाषाका प्रभावमा पर्नु स्वाभाविक कुरा भए पनि लोपोन्मुख भाषाहरूको संरक्षण र विकासमा व्यक्ति, समाज र राष्ट्र नै लाग्नु पर्दछ । एउटा भाषा लोप हुँदा त्यो सँगै संस्कृति लोप हुने, परम्परागत ज्ञान र इतिहास समेत लोप हुने भएकाले भाषालाई लोप हुनबाट जोगाउनु पर्दछ । भाषिक सर्वेक्षणलाई वैज्ञानिक बनाएर, नेपाली मूलका भाषाहरूको सूची तयार गरेर ती भाषाहरूको लिपि निर्धारण, वर्णनिर्धारण, व्याकरण निर्माण, कोश निर्माण लगायतका कार्यहरू गर्नु पर्दछ । मातृभाषा शिक्षणका लागि पाठ्यक्रम बनाउने, नयाँ पुस्तालाई मातृभाषा शिक्षणप्रति प्रेरित गराउने जस्ता कार्यहरू गर्नु पर्दछ । त्यसैगरी मृतप्रायः भाषाका वक्ताहरूलाई बचाउने योजना बनाउनु पर्दछ । लिखित सामग्री मात्र नभई श्रव्य-दृश्य सामग्री निर्माण गर्नु पर्दछ । यी सबै कामका लागि मातृभाषाका वक्ताहरूलाई भाषाप्रति वफादार बनाउने, समाज र राज्यका तहबाट नीतिगत रूपमा नै लोपोन्मुख भाषाहरूको संरक्षण, संवर्धन र विकासको व्यवस्थित योजना बनाउने कार्य गर्नु आवश्यक छ । अनेक विविधता बोकेको नेपाल बहुभाषिक मुलुक पनि हो । यति सानो भूगोल र यति थोरै जनसङ्ख्या भएको एकै ठाउँमा यति धेरै भाषाहरु प्रयोगमा रहनु एउटा छुट्टै वैशिष्ट्य हो । यो विश्वको आकर्षणको कारक हो । भाषाहरु धेरै भए पनि कतिपय भाषाका वक्ता छैनन् । कुसुन्डाका वक्ता पाउन नसकिने अवस्था आइसक्यो। कुसुन्डा जस्ता भाषा अब लोपोन्मुख अवस्थामा रहेका छन् । भाषा सभ्यताको सम्पत्ति भएकाले लोपोन्मुख भाषाको संरक्षण, प्रचलित भाषाको संर्वधन हुनु आवश्यक छ । नेपालका यी धेरै भाषाहरु मध्ये नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेवार, मगर, अवधी, गुरुङ, बज्जिका, लिम्बू, शेर्पा, राई आदि भाषाहरु व्यापक प्रचलनमा छन् । अन्य अधिकांश भाषाहरु पनि जीवन्त छन् ।

**सन्दर्भसूची**

अधिकारी, हेमाङ्गराज (२०७४), सामाजिक र प्रयोगिक भाषाविज्ञान, रत्न पुस्तक भण्डार ।

अधिकारी, सूर्यमणि(२०५६), नेपाली भाषाको इतिहास, भुडी पुराण प्रकाशन ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८),नेपालको राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग (२०७८), नेपालको राष्ट्रिय जनगणना २०७८, केन्द्रीय तथ्याङ्क विभाग ।

खनाल, पेसल (२०७२), शौक्षिक अनुसन्धान विधि (सातौँ संस्क), सनलाइट पब्लिकेसन ।

खनाल, मोहन प्रसाद (२०७५), नेपाली भाषाका हजार वर्ष (तेस्रो संस्क), विद्यार्थी पुस्तक भण्डार ।

गौतम, देवी प्रसाद (२०४९), नेपाली भाषा परिचय, साझा प्रकाशन ।

गौतम, देवी प्रसाद र पौड्याल, शालिक राम (२०७८), भाषिक अध्ययन परम्पराःसम्प्रदाय र अवधारणा, भुडी पुराण प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०७१), नेपाली भाषा शिक्षण र परिचय, शुभकामना प्रकाशन ।

नेपालको संविधान २०७२ (२०७२), कानुन किताब व्यवस्था ।

न्यौपाने, टङ्कप्रसाद (२०६९), सामान्य भाषा विज्ञान, साझा प्रकाशन ।

पौडेल, राजेन्द्रप्रसाद र भट्टराई, रमेश (२०७७), नेपालको भाषानीति र योजना आधार, इन्टेलेक्च्युअल बुक प्यालेस ।

प्रदेश भाषा नीति नमूना, २०७८

भाषा आयोग (२०७५), शिक्षामा मातृभाषाको प्रयोग सम्बन्धी एकीकृत अध्ययन प्रतिवेदन, काठमाण्डौँ ।

भाषा आयोग (२०७५), भाषिक तथ्याङ्क २०७५, (प्रदेश नं.१,२,३,४,५,६,७) काठमाण्डौँ ।

भाषा आयोगको वार्षिक प्रतिवेदन (२०७८), भाषा आयोग ।

भण्डारी, पारसमणी र पोखरेल, केशवराज (२०७२), ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषा, विद्यार्थी पुस्तक भण्डार ।

https://languagecommission.gov.np